स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ७ मितिः २०८१/०६/१५

भाग-२

स्थानीय सरकार

## हेलम्बु गाउँपालिका

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

## हेलम्बु गाउँपालिकाको विद्यालयहरुलाई शिक्षक अनुदान प्रदान तथा शिक्षक र विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना :** हेलम्बु गाउँपालिकाको शिक्षा ऐन, २०७७ को दफा ६८ को आधारमा हेलम्बु गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा नेपाल सरकारद्धारा स्वीकृत दरवन्दी, राहत अनुदान कोटा, बालविकास सहजकर्ता, गाउँपालिकाको स्रोतबाट तलव खाने पदमा नियुक्त हुने शिक्षक, कर्मचारी, स्यमसेवक शिक्षक तथा बालविकास केन्द्रका सहजकर्ताहरुको करार तथा अस्थायी नियुक्ति प्रक्रियालाई व्यवस्थित गर्न तथा गाउँपालिकाबाट प्रदान गरिने शिक्षक अनुदानको प्रभावकारी व्यवस्थापन गर्नका लागि हेलम्बु गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम, प्रारम्भ र प्रयोग :**

क) यो कार्यविधिको नाम 'हेलम्बु गाउँपालिकाको विद्यालयहरुलाई शिक्षक अनुदान प्रदान तथा शिक्षक र विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०८१' रहेको छ ।

ख) यो कार्यविधि हेलम्बु गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय तथा बालविकास केन्द्रहरुमा हुने अस्थायी तथा करार नियुक्ति सम्बन्धी प्रयोजनमा लागू हुनेछ ।

ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ

घ) यो कार्यविधि सामुदायिक विद्यालयका विद्यालय सहयोगी, विद्यालय सहायक, बालविकास सहजकर्ता, आधारभुत तहदेखी माध्यमिक तह (कक्षा ९-१२) सम्म नेपाल सरकार वा गाउँपालिकाको स्रोतबाट तलव भत्ता पाउने गरी स्वीकृत दरवन्दी, स्थायी, अस्थायी, करार परियोजना तथा राहत अनुदान कोटा तथा गाउँपालिकाको स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीहरुको नियुक्तिको लागि प्रयोग हुनेछ ।

**२.परिभाषाः**

क) 'ऐन' भन्नाले हेलम्बु गाउँपालिकाको शिक्षा ऐन, २०७७ सम्झनुपर्छ । साथै ऐन भन्नाले संघीय शिक्षा ऐन तथा प्रदेशिक शिक्षा ऐन समेतलाई जनाउने छ ।

ख) 'नियामावली' भन्नाले प्रचलित संघीय शिक्षा नियमावली तथा प्रदेशिक शिक्षा नियमावलीलाई जनाउने छ ।

ग) 'शिक्षक सेवा आयोग' भन्नाले संघीय कानुन अनुसार गठित शिक्षक सेवा आयोग सम्झनु पर्छ । यो शब्दले प्रदेश स्तरमा शिक्षक सेवा आयोग गठन भएमा सो आयोगलाई समेत जनाउने छ ।

घ) 'शिक्षा, युवा तथा खेलकुद शाखा' भन्नाले हेलम्बु गाउँपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

ङ) 'कार्यविधि' भन्नाले 'हेलम्बु गाउँपालिकाको विद्यालयहरुलाई शिक्षक अनुदान प्रदान तथा शिक्षक र विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०८१' सम्झनु पर्छ ।

च) 'समिति' भन्नाले हेलम्बु गाउँपालिका शिक्षक तथा कर्मचारी छनोट समिति सम्झनु पर्छ ।

छ) 'प्राथमिक शिक्षा' भन्नाले कक्षा एक देखि कक्षा पाँच सम्म दिइने शिक्षा सम्झनु पर्छ।

ज) 'आधारभूत शिक्षा' भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

झ) 'माध्यमिक शिक्षा' भन्नाले कक्षा नौ देखि कक्षा बाह सम्म दिइने शिक्षा सम्झनु पर्छ।

ञ) 'प्रारम्भिक बाल शिक्षा' भन्नाले चार बर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बालशिक्षा सम्झनु पर्छ ।

ट) 'प्राविधिक तथा व्यवसायिक शिक्षा' भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

ठ) 'गाउँपालिका' भन्नाले हेलम्बु गाउँपालिका सम्झनु पर्छ।

ड) 'गाउँ सभा' भन्नाले हेलम्बु गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ।

ढ) 'विशेष शिक्षा' भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्रिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

ण) 'विद्यालय' भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनु पर्छ ।

त) 'विद्यालय शिक्षा' भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।

थ) 'सामुदायिक विद्यालय' भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिका नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

द) 'संस्थागत विद्यालय' भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्तविद्यालय सम्झनु पर्छ।

ध) 'शिक्षक' भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्राधानाध्यापक समेतलाई जनाउछ ।

न) 'कर्मचारी' भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

प) 'अभिभावक' भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनु पर्छ ।

फ) 'अनुमति' भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृत प्रदान गरी नसकेको कुनै तोकिएको ठाउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्छ।

ब) 'स्वीकृति' भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनु पर्छ।

म) 'आवासिय विद्यालय' भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासिय विद्यालयको रुपमा स्वीकृत प्रदान गरिएको विद्यालयलाई सम्झनु पर्छ ।

य) 'शैक्षिक गुठी' भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

र) 'स्थायी आवासीय अनुमति' भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकीवा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वाग्रिन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउछ ।

**परिच्छेद 'एक'**

**विद्यालय अनुदान तथा दरबन्दी सम्बन्धी व्यवस्था**

**३. विद्यालय अनुदान सम्बन्धी व्यवस्था**

क) यस गाउँपालिका भित्र रहेको विभिन्न विद्यालयमा तिनीहरुको दरवन्दी संख्या, विद्यार्थी संख्या, भौगोलिक अवस्था आदिको अध्ययन गरी विद्यालयलाई अनुदान दिन सकिनेछ ।

ख) गाउँपालिकाबाट अनुदान व्यवस्था गरिएका विद्यालयहरुको शिक्षक छनौट, नियुक्ति, सेवा, शर्त र सुविधा यसै कार्यविधि बमोजिम हुनेछ ।

ग) विद्यालयले नियुक्ति हुने शिक्षकको व्यक्तिगत विवरण, नियुक्ति र तलवको भरपाई र प्रमाणित हाजिरी प्रतिलिपि विवरण गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ

**४. अनुदान दरवन्दी सम्बन्धी व्यवस्था**

क) यस गाउँपालिकाका अन्तर्गत संचालित माध्यमिक विद्यालय र केही आधारभूत विद्यालयहरु आफ्नो निजी स्रोतबाट संचालन गरिरहेको, विगतका वर्षमा संघीय सरकारबाट अनुदान शिक्षक दरबन्दी प्राप्त भएकोमा यस आर्थिक वर्षमा सो दरबन्दी प्राप्त नभएकोले त्यस्ता विद्यालय संचालन गर्न नसक्ने अवस्था भई विद्यालय बन्द गर्नु पर्ने स्थिति सिर्जना हुने र विद्यालय बन्द हुँदा तहाँका विद्यार्थीहरुलाई थप अध्ययन गर्न समस्या पर्ने भएकोले हाल माध्यमिक र आधारभूत तहमा गाउँपालिकाले गाउँपालिकाको स्रोतबाट तलव भत्ता पाउने गरी गाउँपालिका शिक्षक अनुदानको व्यवस्था गर्नेछ ।

ख) खण्ड (क) बमोजिमको दरवन्दीको सेवा सुविधा अनुसूची १ बमोजिम हुनेछ । यो कार्यविधि लागु हुनुभन्दा अगाडी नियुक्त भएका शिक्षकहरुको तलव भत्ता यो कार्यविधिमा उल्लेख भएभन्दा बढी भएमा निजले सोही बराबरको सेवा सुविधा पाउने छ ।

ग) यसरी उपलब्ध गराएको दरबन्दीमा शिक्षकको नियुक्ति गर्नु पर्दा विगतमा संघीय सरकारबाट अनुदान प्राप्त भई हाल अनुदान कटौती भएका विद्यालयको शिक्षकको हकमा त्यसैलाई निरन्तरता दिईने छ । नयाँ दरबन्दीको हकमा कार्यबिधि नं. ३ को खण्ड (ख) बमोजिम हुनेछ ।

घ) खण्ड (क) बमोजिमको अनुदान दरबन्दी प्राप्त गर्ने विद्यालयहरु अनुसूची-२ बमोजिम हुनेछन ।

**५. बाल विकास सहजकर्ता अनुदान दरबन्दी सम्बन्धी व्यवस्था**

क) यस गाउँपालिकामा सञ्चालनमा रहेको सामुदायिक विद्यालयहरुमा ३० जना भन्दा बढी विद्यार्थी रहेको, एक जना मात्र शिक्षकको दरबन्दी भएको र साविकमा बाल विकास सहजकर्ता नभएको विद्यालयमा एक जना बाल विकास सहजकर्ता अनुदान दरबन्दीको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

ख) खण्ड (क) बमोजिम उपलब्ध गराएको दरबन्दीमा बाल विकास सहजकर्ताको नियुक्ति गर्नु पर्दा कार्यबिधि नं. ३ को खण्ड (ख) बमोजिम हुनेछ ।

ग) खण्ड (क) बमोजिम अनुदान प्राप्त गर्ने शिक्षकको सेवा सुविधा सेवा सुविधा अनुसूची १ बमोजिम हुनेछ ।

घ) खण्ड (क) बमोजिमको अनुदान दरबन्दी प्राप्त गर्ने विद्यालयहरु अनुसुची-२ बमोजिम हुनेछन ।

**६. प्राविधिक विद्यालय अनुदान सम्बन्धी व्यवस्था**

क) यस गाउँपालिका भित्र (शिक्षा तथा मानव स्रोत विकास केन्द्र वा प्राविधिक तथा व्यवसायिक तालिम परिषदूबाट सम्बन्धन लिई) सञ्चालनमा रहेका प्राविधिक विद्यालयहरुलाई निरन्तर सञ्चालन, सञ्चालनको दिगोपन गर्नका अनुदान उपलब्ध गराइने छ ।

ख) खण्ड (क) बमोजिम अनुदान प्राप्त गर्ने विद्यालयको अनुदान रकम गाउँपालिकाको गाउँ सभा वा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

ख) खण्ड (क) बमोजिम उपलब्ध गराइएको रकम देहाय बमोजिम खर्च गरी सो को विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

- शिक्षकको मासिक तलब
- प्राविधिक ल्याव व्यवस्थापन
- प्राविधिक शिक्षाका लागि शैक्षिक सामाग्रीको व्यवस्थापन

- प्राविधिक शिक्षाको पुस्तकालय व्यवस्थापन

ग) खण्ड (क) बमोजिमको अनुदान दरबन्दी प्राप्त गर्ने विद्यालयहरु अनुसुची-३ बमोजिम हुनेछन ।

## परिच्छेद 'दुई'

## नेपाल सरकारबाट स्वीकृत तथा राहत अनुदान कोटामा शिक्षक कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्था

**७.१ नेपाल सरकारको स्रोतबाट पारिश्रमिक पाउने पदमा करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था :**

१) दरवन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा विद्यालयले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शिक्षक नियुक्तिका लागि पत्राचार गर्नुपर्नेछ ।

२) शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूचीमा भएको व्यक्तिले निवेदन दिइएमा निजलाई प्राथमिकता दिइनेछ । शिक्षक कर्मचारी छनोट समितिले बढीमा एक शैक्षिक सत्रको लागि करार सूचीमा रहेको शिक्षकलाई करारमा शिक्षक नियुक्ति गर्न सक्ने छ ।

३) आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा समितिले ७.२ बमोजिमको एक शैक्षिक सत्रको लागि योग्यता पुगेको व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

**७.२ शिक्षक तथा कर्मचारी छनौट समिति :** (१) सामुदायिक विद्यालयमा नेपाल सरकारद्धारा स्वीकृत दरवन्दी र राहत/अनुदान कोटामा करारमा शिक्षक र विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्तिका लागि सिफारिस गर्न गाउँपालिकामा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहने छ :

क) प्रमुख प्रशासकीय अधिकृत-अध्यक्ष

ख) गाउँ शिक्षा समितिले तोकेको कम्तीमा ५ वर्ष शिक्षा क्षेत्रमा काम गरेको व्यक्ति एक जना-सदस्य

ग) गाउँपालिकाको शिक्षा अधिकृत-सदस्य-सचिव

२) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ ।

**नियम ७.२ बमोजिमको समितिले शिक्षक कर्मचारी नियुक्ति गर्दा अवलम्वन गर्नु पर्ने प्रक्रिया :**

क) शिक्षक, कर्मचारी तथा बालबालिका सहजकर्ता नियुक्ति गर्दा शिक्षक सरुवा, अवकाश वा अन्य कारणबाट शिक्षक तथा कर्मचारीको रिक्त पदपूर्तिका लागि सम्बन्धित विद्यालयले शिक्षा, युवा तथा खेलकुद शाखामा विज्ञापन गर्नका लागि पत्राचार गरेपछि करारमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्न सकिनेछ ।

ख) शिक्षक, कर्मचारी तथा बालबालिका सहजकर्ता नियुक्ति गर्न कम्तीमा पन्ध्र दिनको सार्वजानिक सूचना सम्भाव्य सबै माध्यमबाट प्रकाशन गर्नु पर्ने छ । गाउँ कार्यपालिकाको सूचना पाटी समेतमा त्यस्तो सूचना टाँस्नु पर्नेछ । यस्तो सूचना हेलम्बु गाउँपालिको शिक्षा, युवा तथा खेलकुद शखाको फेसबुक पेज तथा गाउँपालिकाको वेवसाईटमा राख्ने व्यवस्था मिलाउनु पर्ने छ ।

ग) शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, अध्यापन अनुमति पत्र, राजश्व जम्मा गरेको बैक भौचर, नेपाली नागरिकताको प्रमाणपत्र तथा निवेदन साथ पेश गर्नु पर्ने छ ।

घ) प्राप्त हुन आएका निवेदन, प्रमाण-पत्र र सम्बन्धित विवरणहरु शिक्षा, युवा तथा खेलकुद शाखाले समितिको निर्णय बमोजिम परीक्षा सञ्चालन गर्नुपर्दछ ।

ङ) समितिको निर्णय बमोजिम शिक्षा, युवा तथा खेलकुद शाखाले कम्तीमा ३ दिनको अवधि तोकी लिखित परीक्षाको मिति तय गरी सो सम्बन्धी सूचना शिक्षा, युवा तथा खेलकुद शखाको फेसबुक पेजमा प्रकाशन गर्नु पर्ने छ ।

च) उक्त परीक्षा केन्द्र गाउँपालिकामा हुनेछ । परीक्षा संचालन, प्रश्नपत्र निर्माण लगायत अन्य आवश्यक कार्यविधि नियम ७.२ बमोजिम गठित समितिको निर्णय अनुसार हुनेछ ।

छ) ७.२ बमोजिम गठित समितिको सिफारिसमा शिक्षा, युवा तथा खेलकुद शाखाले यस नियम बमोजिम करारमा शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्त गरी सोको अभिलेखिकरण गर्नुपर्ने छ ।

ज) नियम ७.१ मा जुनसुकै कुरा लेखिएको भएतापनि करारमा शिक्षक तथा कर्मचारी नियुक्त एक शैक्षिक सत्रसम्म पनि रिक्त पदमा नियमानुसार स्थायी पदपूर्ति नभएमा गाउँपालिकाले करारको म्याद थप गर्न सक्ने छ । गाउँ शिक्षा समितिको निर्णयानुसार प्रत्येक शैक्षिक शत्रको सुरुमा गरिएको उक्त म्याद थपेका अभिलेखीकरण शिक्षा, युवा तथा खेलकुद शाखाले अद्यावधिक गरी सम्बन्धित शिक्षक र विद्यालयलाई जानकारी गर्नुपर्ने छ । यस्तो म्याद थपको लागि गाउँपालिकाले प्रत्येक अषाढ मसान्त भित्र सूचना प्रकाशन गरी सवै प्रकारका करार शिक्षकहरु तथा कर्मचारीहरुबाट निवेदन लिनुपर्नेछ । यस्तो प्रकारको सूचना अन्तिम दरखास्त अवधी सकिए पछि आएका निवेदन उपर कुनै प्रकारका कारवाही गरिने छैन र त्यस्ता शिक्षकहरुको करार सेवा अवधि स्वतः समाप्त भएको मानिने छ ।

झ)विद्यालयमा नेपाल सरकारको स्रोतबाट तलव भत्ता पाउने जुनसुकै प्रकारका शिक्षक, विद्यालय सहायक, विद्यालय सहयोगी तथा बालविकास सहजकर्ता नियुक्तिमा यो प्रक्रिया अवलम्वन गर्नुपर्ने छ ।

## परिच्छेद 'तीन'

## गाउँपालिकको स्रोतबाट पारिश्रमिक पाउने स्वयमसेवक शिक्षक, कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्था

**८.१. गाउपालिकाको स्रोतबाट नियुक्ती हुने शिक्षक कर्मचारी छनौट समिति :** गाउपालिकाद्धारा सृजना गएिको स्वयंम सेवक, करार, कर्मचारी तथा बालविकास सहजकर्ता पदमा नियुक्तीका लागि सिफरिस गर्न गाउँपालिकामा यस कार्यविधिको नियम ७.२ को (१) बमोजिमको शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ ।

**८.२. विज्ञापन प्रकाशन तथा दरखास्त संकलन सम्बन्धि प्रक्रिया**

क) गाउपालिकाबाट वार्षिक रुपमा स्विकृत बजेटको परिधिमा रहि शुन्य दरबन्दी रहेका वा सबैभन्दा कम दरबन्दी रहेका विद्यालयहरु यकिन गरी विद्यार्थी संख्यलाई समेत आधार मानी गाउँ शिक्षा समितिबाट विद्यालयगत, विषयगत कोटा र पारिश्रमिक दर निर्धारण हुनुपर्नेछ ।

ख) शिक्षा, युवा तथा खेलकुद शाखाले शिक्षा समितिबाट निर्धारण गरिएको कोटा र विषयको अधिनमा रहि गाउँ शिक्षा समितिको निर्णय अनुसार विद्यालयले कम्तीमा १५ दिने सूचना / विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।

ग) तोकिएको म्याद भित्र पेश हुन आएका दरखास्तहरु विद्यालयले संकलन गरि कागजात रुजु गरि प्रबेशपत्र उपलब्ध गराउनु पर्नेछ ।

घ) कार्यरत तथा अन्य प्राप्त दरखास्तहरुको कुनै विवरण फरक पारी पेश गरेको सम्बन्धमा छानविन गर्न कोही कसैको कुनै दाबी बिरोध भएमा लिखित परीक्षा सञ्चालन पूर्व नै लिखित जानकारी दिनको लागि विद्यालय तथा सम्बन्धित उम्मेदारहरुले छनौट समिति समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

ङ) प्रकाशित सुचनाको सम्बन्धमा कुनै विवरणमा त्रुटी भएमा छनौट समितिले आवश्यक छानविन गरि उम्मेदारहरुको अन्तिम नामावली स्वीकृत गर्नेछ । उम्मेदारहरुको योग्यता तथा अयोग्यताको सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**८.३. परीक्षा संचालन सम्बन्धी प्रक्रिया :**

क) शिक्षा, युवा तथा खेलकुद शाखाले तोकेको केन्द्र, मिति र समयमा परीक्षा संचालन हुनेछ ।

ख) परीक्षा संचालनको क्रममा आवश्यक पर्ने कर्मचारी तथा अन्य व्यवस्था गाउँ शिक्षा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**८.४. प्रश्नपत्र निर्माण सम्बन्धि प्रक्रिया :**

क) विषयगत प्रश्न निर्माणको लागि छनोट समितिले परीक्षा सुरु हुनुभन्दा एक दिन अगाडि विषय विशेषज्ञ छनोट गरिनेछ ।

ख) नियुक्त भएका विशेषज्ञहरुलाई परीक्षा संचालन हुनु भन्दा दुई घण्टा अगाडी शिक्षा, युवा तथा खेलकुद शाखामा गोप्य रुपमा बोलाई छनोट समितिको अगाडि शिक्षक सेवा आयोगको पाठयक्रम अनुसार वस्तुगत तथा विषयगत प्रश्नपत्र बनाउन लगाइनेछ । तयार भएको प्रश्नपत्रलाई छनौट समितिले मोडरेसन तथा टाइप गरी आश्यक मात्रामा छपाइ तथा फोटोकपी गरी तत्काल खामबन्दी गरेर सुरक्षित राख्नु पर्नेछ । परीक्षा संचालन हुनुभन्दा १५ मिनेट अघि मात्र प्रश्नपत्रहरु सम्बन्धित केन्द्राध्यक्षलाई जिम्मा लगाउनु पर्ने हुन्छ ।

ग) विषयगत र बस्तुगत प्रश्नपत्र मोडरेसन, टाइप, फाटोकपी, छपाई तथा प्याकिङ्ग कार्यमा संलग्न हुने कर्मचारीहरुले परीक्षा शुरु नहुँदासम्म छनौट समितिका पदाधिकारी बाहेक अन्यसँग प्रत्यक्ष अप्रत्यक्ष सम्पर्क गर्न पाइने छैन । निजहरुले उक्त अवधिभर मोवाइल फोन तथा अन्य संचार माध्यमको प्रयोग गर्न पाइने छैन ।

**८.५. उत्तर पुस्तिका परीक्षण सम्बन्धमा**

क) विषयगत परीक्षाका उत्तरपुस्तिकाहरु प्राप्त भएपछि छनोट समितिले कोड कायम गर्नेछ र विषय विशेषज्ञलाई उत्तरपुस्तिका परीक्षण गराईनेछ ।

ख) वस्तुगत परीक्षाको उत्तरपुस्तिका परिक्षण सम्बन्धमा छनोट समितिको निर्णय अनुसार आवश्यक उत्तरकुन्जिका बनाई सम्बन्धित वस्तुगत विषय विज्ञलाई कोडिड गरी परिक्षणको जिम्मा दिइने छ ।

ङ) प्रथम चरण उर्तीण उम्मेदवारलाई मात्र द्धितीय चरणको परीक्षामा सहभागी गराइने छ । प्रथम द्धितीय र अन्तरवार्ता समेतको अंक जोडि नतिजा प्रकाशन गरिने छ ।

**८.६. अन्तरवार्ता सम्बन्धमा**

क) अन्तवार्ता वापत पाउने अंकभार शिक्षक सेवा आयो नियमावली, २०५७ अनुसार कायम गरिनेछ ।

ख) ८.५ (क) बमोजिम नम्बर कायम गर्दा आन्तरिक प्रतियोगिताको हकमा सम्बन्धित तहमा कार्यरत रहेको भए खुला र आन्तरिक दुवैमा एक वर्षको आधा नम्बरका दरले बढीमा ५ नम्बर प्रदान गर्नेगरि छुटयाइनेछ ।

ग) अन्तवार्ता छनौट समितिले तोकेको मिति र स्थानमा हुनेछ । सकेसम्म अन्तवार्ता परीक्षा सञ्चालन भएकै दिन गर्नुपर्दछ ।

घ) लिखित र मौखिबाट उच्चतम अंक सहित उतिर्ण हुने उम्मेदारहरुको नामावली छनोट समितिको रोहवरमा जोडि नतिजा प्रकाशन गरिने छ ।

**८.७. सिफारिस र नियक्ति सम्बन्धमा**

क) विज्ञापन तथा सुचना अनुसार गाउँपालिकाको स्रोतबाट पारिश्रमिक पाउने पदमा लिखित तथा मौखिक परिक्षबाट उतीर्ण भै सिफारिस गरिएका स्वयंमसेवक, शिक्षक, कर्मचारी तथा बालबिकास सहजकर्ताहरुको नियुक्ति विद्यालय, पद, तह, श्रेणी, विषय, अबधि, पारिश्रमिक लगायत अन्य शर्तहरु समेत तोकी छनोट समितिको निर्णय अनुसार शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ ।

**२.८ वैकल्पिक उम्मेदार नियुक्ति सम्बन्धमा**

क) निर्देशिकाको ८.७ अनुसार नियुक्तीको लागि सिफारिश भएका उम्मेदारले सुचनामा प्रकाशित अवधि भित्र नियुक्ती नबुझेमा वा नियुक्ती बुझेको ७ दिन भित्र विद्यालयमा हाजिर नभएमा गाउँ शिक्षा समितिको निर्णय अनुसार वैकल्पिक उम्मेदारलाई नियुक्ती गरिनेछ ।

## परिच्छेद 'तीन'

## परीक्षामा संलग्नहरुको सेवा सुविधा सम्बन्धमा

९.१ माथि उल्लेखित परीक्षा संचालन तथा ब्यबस्थापन सम्बन्धि कार्यमा संलग्न पदाधिकारीहरु तथा कर्मचारीहरुले तपसिल बमोजिमको सेवा सुविधा पाउनेछन ।

**९.१.१ प्रश्नपत्र निर्माण :** सबै तहका सबै प्रकारका शिक्षक तथा कर्मचारीहरुको नियुक्तिका लागि कोरा प्रश्न बनाए वापत विषयविज्ञलाई देहाय अनुसारको एकमुष्ट पारिश्रमिक दिनेछ ।

| क्र.सं. | कोरा प्रश्नपत्र निर्माण | रकम रु. |
|---|---|---|
| १. | पूर्णाङ्क १०० को विषयगत प्रश्नपत्र निर्माण वापत | ३००० |
| २. | पूर्णाङ्क ५० को विषयगत प्रश्नपत्र निर्माण वापत | २५०० |
| ३. | पूर्णाङ्क ५० भन्दा कमको विषयगत प्रश्नपत्र निर्माण वापत | २००० |
| ४. | वस्तुगत बहुउत्तर प्रति प्रश्न (आधारभूत तह) | ३० |
| ५. | वस्तुगत बहुउत्तर प्रति प्रश्न (माध्यमिक तह) | ४० |
| ६. | वस्तुगत प्रश्नको उत्तरकुञ्जिका वापतको रकम २५ वटा सम्म | ५० |
| ७. | वस्तुगत प्रश्नको उत्तरकुञ्जिका वापतको रकम ५० वटा सम्म | ८० |
| ८. | वस्तुगत प्रश्नको उत्तरकुञ्जिका वापतको रकम १०० वटा सम्म | १२० |

**९.१.२ प्रश्नपत्र परिमार्जन (मोडेरेशन):**

सबै तह र प्रकारका शिक्षक कर्मचारीहरुको परीक्षाको प्रश्नपत्र मोडेरेशन गर्दा वस्तुगत र उत्तर संलग्न गर्नु नपर्ने विषयगत प्रश्नको हकमा प्रश्नपत्र निर्माणको पारिश्रमिकको ४० प्रतिशत र उत्तर संलग्न गर्नुपर्ने प्रश्नको हकमा प्रश्न निर्माणको पारिश्रमिकको ५० प्रतिशतका दरले तयार भएको प्रतिसेट प्रश्नपत्रको हिसाबले प्रत्येक प्रश्न परिमार्जनकर्तालाई पारिश्रमिक दिनेछ ।

**९.१.३ परीक्षा सञ्चालन :**

शिक्षक तथा कर्मचारी छनोट समितिमा खटिने जनशक्तिका लागि निम्न बमोजिम पारिश्रमिक दिनेछ ।

| क्र.सं. | जनशक्तिको विवरण | रकम | |
|---|---|---|---|
| | | १ घण्टासम्मको परीक्षाका लागि | १ घण्टा भन्दा बढी समयको परीक्षाका लागि |
| १. | परीक्षा सुपरीवेक्षक | ८०० | १००० |
| २. | परीक्षा नियन्त्रक | ८०० | १००० |
| ३. | केन्द्राध्यक्ष | ५०० | ८०० |
| ४. | निरीक्षण | ३०० | ५०० |
| ५. | कार्यालय सहयोगी | २०० | ३०० |

**९.१.४ स्टेशनरी :**

शिक्षक तथा कर्मचारी छनोट परीक्षाको लागि आवश्यक सामग्रीहरु कार्यालयबाटै व्यवस्थापन गर्ने र नपुग तथा थप सामग्रीहरु आवश्यक परेमा प्रति परीक्षा रु. ५०० सम्म खर्च गर्न सकिनेछ ।

**९.१.५ सञ्चार :**

शिक्षक तथा कर्मचारी छनोट परीक्षामा आवश्यक समन्वय, परीक्षार्थीहरुलाई परीक्षाका बारेमा जानकारी प्रदान गर्नका लागि प्रति परीक्षा रु. २०० सम्म सञ्चार खर्च गर्न सकिनेछ ।

**९.१.६ उत्तरपुस्तिका परीक्षणः**

विषयगत र वस्तुगत उत्तरपुस्तिका परीक्षण गरेवापत विषयविज्ञलाई तपसिल बमोजिमको पारिश्रमिक प्रदान गरिनेछ ।

| क्र.सं. | तह | रकम प्रति उत्तरपुस्तिका |
|---|---|---|
| १. | माध्यमिक | ११० |
| २. | माध्यमिक | १०० |
| ३. | आधारभूत तह | ९० |

**९.१.६ अन्य पारिश्रमिक तथा भत्ता :**

क) पदाधिकारीको बैठक भत्ता प्रति दिन १,०००/-

ख) विषयगत प्रश्नपत्र टाइप प्रतिसेट रु. २००/-

ग) वस्तुगत प्रश्नपत्र टाइप प्रति सेट रु. ३००/-

घ) अन्तवार्ताकारले पाउने सेवा सुविधा प्रति सिफ्ट एकमुष्ठ रु.५००/-

ङ) खाना तथा खाजा प्रति परीक्षा बढीमा रु.३,०००/-

समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठकमा शिक्षा समितिका पदाधिकारी, स्रोत ब्यक्ति र सामाजिक विकास समितिका संयोजकलाई आमन्त्रण गर्न सकिनेछ । आमन्त्रित पदाधिकारीहरुले परिच्छेद ३ को (क) का पदाधिकारी सरहको भत्ता पाउने छन ।

**९.२. परीक्षा संलग्न हुने कर्मचारीले पाउने सेवा सुविधा**

क) कार्यालय सहयोगीले एकमुष्ट रु. ३००/-

**९.३. पारिश्रमिक सम्बन्धि थप व्यवस्था**

माथि जुनसुकै कुरा उल्लेख भएतापनि खर्चमा मितव्ययिता अपनाउन एक दिनमा जतिसुकै विज्ञापनको परीक्षा सञ्चालन भएतापनि परीक्षा सञ्चालन तथा व्यवस्थापन गरेवापत परीक्षा छनोट समितिका पदाधिकारी, विषय विज्ञ, कर्मचारी, कार्यालय सहयोगीलाई प्रति परीक्षा एकमुष्ट रुपमा तपसिल बमोजिमको रकम प्रदान गर्न सकिनेछ ।

| क्र.सं. | पद | परीक्षा | रकम |
|---|---|---|---|
| १. | परीक्षा छनोट समितिका संयोजक तथा दुई जना सदस्य | बैठक, परीक्षा सञ्चालन, व्यवस्थापन, कोडिङ, प्रश्नपत्र मोडेरेशन, अन्तर्वार्ता, नियुक्ति तथा पदस्थापन | ५,०००।- (एकमुष्ट) |
| २. | उच्च माध्यमिक तहको नियुक्तिका लागि विषय विज्ञलाई | बैठक, प्रश्नपत्र निर्माण, उत्तरकुन्जिका निर्माण, उत्तरपुस्तिका परीक्षण तथा अन्तर्वार्ता | ६,०००।- (एकमुष्ट) |
| ३. | माध्यमिक तहको नियुक्तिका लागि विषय विज्ञलाई | बैठक, विषयगत तथा वस्तुगत प्रश्नपत्र निर्माण, उत्तरकुन्जिका निर्माण, उत्तरपुस्तिका परीक्षण तथा अन्तर्वार्ता | ५,०००।- (एकमुष्ट) |
| ४. | आधारभूत तहको शिक्षक नियुक्तिका लागि विषय विज्ञलाई | बैठक, विषयगत तथा वस्तुगत प्रश्नपत्र निर्माण, उत्तरकुन्जिका निर्माण, उत्तरपुस्तिका परीक्षण तथा अन्तर्वार्ता | ४,०००।- (एकमुष्ट) |
| ५. | बाल सहजकर्ता, कार्यालय सहायक (लेखापाल) तथा कार्यालय सहयोगीको नियुक्तिका लागि विषय विज्ञलाई | बैठक, विषयगत तथा वस्तुगत प्रश्नपत्र निर्माण, उत्तरकुन्जिका निर्माण, उत्तरपुस्तिका परीक्षण तथा अन्तर्वार्ता | ३,०००।- (एकमुष्ट) |
| ६. | परीक्षा सञ्चालनमा सुपरीवेक्षण, निरीक्षण तथा व्यवस्थापन सहयोग गरेवापत थप एक जना कर्मचारीलाई | परीक्षा सञ्चालन तथा व्यवस्थापनमा सहयोग, सुपरीवेक्षण, निरीक्षण | १,०००।- (एकमुष्ट) |
| ७. | कार्यालय सहयोगी | परीक्षा सञ्चालन तथा व्यवस्थापनमा सहयोग | ३००।- (एकमुष्ट) |
| ८. | खाजा तथा खाना | छनोट समितिका पदाधिकारी, विषय विज्ञ तथा परीक्षामा संलग्न कर्मचारी | प्रति परीक्षा बढीमा रु. ३,००० |

**परिच्छेद 'चार'**

**विविध**

१०.१ क) यस गाउँपालिकामा उच्च शिक्षा अध्ययनका लागि सञ्चालित क्याम्पसका लागि गाउँ सभाबाट विनियोजित बजेट अनुदान उपलब्ध गराईने छ ।

ख) खण्ड (क) बमोजिम उपलब्ध गराइएको रकम देहाय बमोजिम खर्च गरी सो को प्रतिवेदन र विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

- प्राध्यापकको तलव
- क्याम्पसको प्रशासनिक खर्च
- विद्यार्थीका लागि छात्रवृति
- पुस्तकालयका लागि पुस्तक खरिद
- शैक्षिक सामाग्रीको व्यवस्थापन

१०.२ परीक्षा संचालनको क्रममा आवश्यक पर्ने मसलन्द सामाग्री, उत्तरुपुस्तिका छपाई लगाएतको बन्दोबस्त परीक्षा छनोट समितिको निर्णय अनुसार शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ ।

१०.३ परीक्षा संचालन, उत्तरपुस्तिका छपाई, उत्तरपुस्तिका परिक्षण लगायत माथि उल्लेखित विभिन्न शिर्षकमा भएको खर्च गाउँपालिकाले विनियोजन गरेको रकमबाट व्यहोरिनेछ । परीक्षा दस्तुरबाट उठेको रकम विद्यालयले गाँउपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गर्नु पनेछ ।

१०.४ संसोधन : यो कार्यविधिमा परिमार्जन र सुधार गर्नुपर्ने भएमा गाउँ कार्यापालिकाको निर्णय अनुसार आवश्यक संसोधन गर्न सकिनेछ ।

१०.५ व्याख्या : यो कार्यविधीको प्रयोगमा द्धुविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

**अनुसूची-१**

**यस गाउँपालिकाबाट अनुदानमा कार्यरत शिक्षक तथा कर्मचारीहरुले पाउने सेवा सुविधा तथा पारिश्रमिक विवरण**

| क्र. सं. | पद | प्रकार | मासिक पारिश्रमिक दर | अन्य सेवा सुविधा |
|---|---|---|---|---|
| १. | प्राथमिक तहको शिक्षक | गाउँपालिका अनुदान करार | २०,००० | |
| २. | निम्नमाध्यमिक तहको शिक्षक | गाउँपालिका अनुदान करार | २५,००० | |
| ३. | माध्यमिक तहको शिक्षक | गाउँपालिका अनुदान करार | ३०,००० | |
| ४. | प्रारम्भिक बाल सहजकर्ता | गाउँपालिका अनुदान करार | १५,००० | |
| ५. | कार्यालय सहयोगी वा भान्छे वा हेरालु | गाउँपालिका अनुदान करार | १५,००० | |
| ६. | खेल प्रशिक्षक | गाउँपालिका अनुदान करार | ३२,९०२ | |

## अनुसूची-२
## यस गाउँपालिकाबाट अनुदान प्राप्त गर्ने विद्यालयहरुको विवरण

| क्र. सं. | विद्यालयको नाम<br>गाउँ अनुदान शिक्षक/कर्मचारी तहगत विवरण | सञ्चालित कक्षा | ECD | प्रा.वि. | संस्कृत | सम्बोटा | कार्यलय सहायक/अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री मेलम्चीघ्याङ माध्यमिक विद्यालय, हेलम्बु–१, मेलम्चीघ्याङ, सिन्धुपाल्चोक | ०-१२ | १ | | | | | १ |
| २ | श्री सर्कथली आधारभूत विद्यालय, हेलम्बु–१, सिन्धुपाल्चोक | ०-५ | १ | | | १ | | २ |
| ३ | श्री पेमाछोलिङ घ्याङ आधारभूत विद्यालय, हेलम्बु–१, सिन्धुपाल्चोक | ०-८ | १ | | | १ | | २ |
| ४ | श्री गोल्मादेवी माध्यमिक विद्यालय, हेलम्बु–१, सिन्धुपाल्चोक | ०-५ | | | | १ | | १ |
| ५ | श्री भूमेश्वरी माध्यमिक विद्यालय, हेलम्बु–२, किउल, सिन्धुपाल्चोक | ०-५ | | | १ | | | १ |
| ६ | श्री नुर्वुलिङ मणिचौर माध्यमिक विद्यालय, हेलम्बु–२, सिन्धुपाल्चोक | ०-५ | | | | १ | | १ |
| ७ | श्री चित्रे आधारभूत विद्यालय, हेलम्बु–२, सिन्धुपाल्चोक | ०-५ | | १ | | | | १ |
| ८ | श्री सातधारा आधारभूत विद्यालय, हेलम्बु–२, सिन्धुपाल्चोक | ०-५ | १ | | | १ | | २ |
| ९ | श्री रिसाङकुमाने आधारभूत विद्यालय, हेलम्बु–२, सिन्धुपाल्चोक | ०-५ | १ | | | १ | | १ |
| १० | श्री सेतीदेवी आधारभूत विद्यालय, हेलम्बु–२, सिन्धुपाल्चोक | ०-५ | १ | | | | | १ |
| ११ | श्री पाल्चोक माध्यमिक विद्यालय, हेलम्बु–३, सिन्धुपाल्चोक | ०-५ | | | | १ | | १ |
| १२ | श्री ईसिङ्ग आधारभूत विद्यालय, हेलम्बु–३, सिन्धुपाल्चोक | ०-५ | | | | १ | | १ |
| १३ | श्री जय वागेश्वरी माध्यमिक विद्यालय, हेलम्बु–३, सिन्धुपाल्चोक | ०-५ | १ | १ | | १ | | २ |
| १४ | श्री सरस्वती माध्यमिक विद्यालय, हेलम्बु–४, सिन्धुपाल्चोक | ०-५ | | १ | | | | १ |
| १५ | श्री ज्ञानोदय आधारभूत विद्यालय, हेलम्बु–४, सिन्धुपाल्चोक | ०-५ | | १ | | | | १ |
| १६ | श्री महाकाली निन्देश्वरी आधारभूत विद्यालय, हेलम्बु–४, मराम्ची, सिन्धुपाल्चोक | ०-५ | १ | | | | | १ |
| १७ | श्री सर्वोदय माध्यमिक विद्यालय, हेलम्बु–५, सिन्धुपाल्चोक | ०-५ | | १ | | १ | | १ |
| १८ | श्री सिर्जना आधारभूत विद्यालय, हेलम्बु–५, चित्रे भन्ज्याङ, सिन्धुपाल्चोक | ०-५ | १ | | | | | १ |
| १९ | श्री सिद्धार्थ आधारभूत विद्यालय, हेलम्बु–५, हराती, सिन्धुपाल्चोक | ०-५ | १ | | | | | १ |
| २० | श्री भन्ज्याङ आधारभूत विद्यालय, हेलम्बु–५, शिरिषे, सिन्धुपाल्चोक | ०-५ | १ | | | | | १ |
| २१ | श्री हेलम्बु मोडल माध्यमिक विद्यालय, हेलम्बु–६, घोप्टेघ्याङ, सिन्धुपाल्चोक | ०-५ | १ | १ | | २ | ३ | ७ |
| २२ | श्री इचोक माध्यमिक विद्यालय, हेलम्बु–६, इचोक, सिन्धुपाल्चोक | ०-५ | १ | १ खेल शिक्षक | | १ | | २ |
| २३ | श्री धापसुङ आधारभूत विद्यालय, हेलम्बु–६, | ०-५ | १ | १ | | १ | | ३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | धापसुङ, सिन्धुपाल्चोक | | | | | | | |
| २४. | श्री महेन्द्र माध्यमिक विद्यालय, हेलम्बु–६, सुपरीटार, सिन्धुपाल्चोक | ०-५ | | | १ | | | १ |
| २५. | श्री महाकालेश्वरी आधारभूत विद्यालय, हेलम्बु–७,सुरसिं, सिन्धुपाल्चोक | ०-५ | १ | | | १ | | २ |
| २६. | श्री पातिङ आधारभूत विद्यालय, हेलम्बु–७, पातिङ, सिन्धुपाल्चोक | ०-५ | १ | १ | | १ | | ३ |
| २७. | श्री महेन्द्र आधारभूत विद्यालय, हेलम्बु–७, महांकाल, सिन्धुपाल्चोक | ०-५ | | | १ | | | १ |
| २८. | श्री खर्कडाँडा सामुदायिक बाल विकास केन्द्र, हेलम्बु–६, सिन्धुपाल्चोक | ०-५ | १ | | | | | १ |
| | जम्मा | | १७ | ९ | ३ | १६ | ३ | ४५ |

**आज्ञाले**

**राजुभाइ श्रेष्ठ**

**प्रमुख प्रशासकीय अधिकृत**